संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल ।

पत्र संख्या :-
च.नं.

## विमस्टेक सांस्कृतिक सहयोग सम्बन्धी संस्कृति विज्ञ समूहको दोस्रो बैठकको

## प्रेस विज्ञप्ति

नेपालले आयोजना गरेको Bay of Bengal Initiatives for Multi-Sectoral Technical and Economic Cooperation (विमस्टेक) सम्वद्ध सदस्य राष्ट्रहरुको Second Meeting of the BIMSTEC Expert Group on Cultural Cooperation (BEGCC) विषयक बैठक यस मन्त्रालयका सहसचिव डा. सुरेश सुरस श्रेष्ठको अध्यक्षतामा विमस्टेकका सबै सदस्य राष्ट्का सरकारी र विमस्टेक सचिवालयका प्रतिनिधिहरुको सहभागितामा ललितपुरको पुल्चोकमा २०८० चैत्र १८ (३१ मार्च २०२४) गते सम्पन्न भएको छ । विमस्टेकका राष्ट्र प्रमुखहरुको शिखर सम्मेलनले सहयोगका सात क्षेत्रहरु तय गरी सदस्य राष्ट्रहरुलाई सम्वद्ध क्षेत्रको नेतृत्व गर्न जिम्मेवारी प्रदान गरेअनुसार नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले People-to-people contact क्षेत्र अन्तर्गत संस्कृति उपक्षेत्रको नेतृत्व गर्दै आएको छ ।

उक्त बैठकमा विमस्टेक सदस्य राष्ट्रहरुले विमस्टेक राष्ट्रभित्रका संस्कृति र सांस्कृतिक सम्पदाहरुको संरक्षण, व्यवस्थापन तथा निरन्तरताका लागि आवश्यक समन्वय, सहयोग र सहकार्य गर्ने तथा नेपालद्वारा प्रस्तावित विमस्टेक सांस्कृतिक सहकार्य सम्वन्धी कार्ययोजना (BIMESTEC plan of Action of Cultural Cooperation) को मस्यौदा माथि गहन एवं विशेष छलफल गरी कार्ययोजनालाई अन्तिम रुप दिनुकासाथै कार्ययोजना स्वीकृतिको प्रक्रिया अगाडि बढाउन निकट भविष्यमा बस्ने संस्कृतिसँग सम्बन्धित Senior Official's Meeting मा पेश गर्ने तथा Expert Group को बैठकमा संस्कृति सम्वद्ध विभिन्न संयन्त्रका बैठकहरु नियमित रुपमा बस्ने गरी सदस्य राष्ट्रहरुले आ-आफ्नो तर्फबाट तयारी गर्ने निर्णय समेत भएको छ ।

सांस्कृतिक सहकार्य सम्वन्धी कार्ययोजनामा विमस्टेक राष्ट्रहरुमा रहेका संस्कृति र सांस्कृतिक सम्पदाहरुको संरक्षणका लागि विमस्टेक सम्पदा सूची तयार गर्ने, तिनको विशेष अभिलेखन गर्ने र Cultural Heritage Information System को व्यवस्थापन, सरकारी संयन्त्र एवं पेशागत विज्ञहरुको सञ्जाल समेत स्थापना गरी सहयोग र सहकार्यको आदानप्रदान गर्नेलगायतका विषयहरु समावेश गरिएका छन् ।

विक्रम सम्वत २०८० चैत्र १८ गते आइतबार
नेपाल सम्वत ११४४ चिल्लागा ६ आइतबार

हेमराज तामाङ
सहसचिव/प्रवक्ता